आठविसकोट नगरपालिकाको ५२ औं बैठक मिति २०७७/०५/३० गते का दिन आठविसकोट नगरपालिकाको नगर कार्यपालिका बैठक हलमा नगर उपप्रमुख श्री गीता नेपालीको अध्यक्षता र तपसिलका सदस्यहरुको उपस्थितिमा बस्यो । उक्त बैठकमा तपसिलमा उल्लेखित प्रस्तावहरु निर्णयार्थ पेश गरियो ।

| क्र.स. | पदाधिकारीहरुको विवरण: नाम, थर | ठेगाना | पद | दस्तखत २०७७/०५/३० | दोस्रो बैठक कैफियत २०७७/०६/०४ |
|---|---|---|---|---|---|
| १ | गोर्ख बहादुर के.सी. | आठविसकोट-१० | नगर प्रमुख | | |
| २ | गीता नेपाली | आठविसकोट-११ | नगर उपप्रमुख | | |
| ३ | ध्रुवप्रसाद लम्साल | कोहलपुर नपा-१० | नि.प्रमुख प्रशासकीय अधिकृत | | |
| ४ | देवबहादुर घर्ती | आठविसकोट-१ | वडा अध्यक्ष | | |
| ५ | देवबहादुर यरी | आठविसकोट-२ | वडा अध्यक्ष | | |
| ६ | केशरमान वि.क. | आठविसकोट-३ | वडा अध्यक्ष | | |
| ७ | बाबुराम विष्ट | आठविसकोट-४ | वडा अध्यक्ष | | |
| ८ | प्रजिते कामी | आठविसकोट-५ | वडा अध्यक्ष | | |
| ९ | डिल बहादुर सार्की | आठविसकोट-६ | वडा अध्यक्ष | | |
| १० | नवराज बुढा | आठविसकोट-७ | वडा अध्यक्ष | | |
| ११ | मनबहादुर चदारा | आठविसकोट-८ | वडा अध्यक्ष | | |
| १२ | तारक बहादुर शाही | आठविसकोट-९ | वडा अध्यक्ष | | |
| १३ | गंगाराम चनारा | आठविसकोट-१० | वडा अध्यक्ष | | |
| १४ | हस्ते आग्री | आठविसकोट-११ | वडा अध्यक्ष | | |
| १५ | खुम्मे कुसारी | आठविसकोट-१२ | वडा अध्यक्ष | | |
| १६ | विनोद पुन | आठविसकोट-१३ | वडा अध्यक्ष | | |
| १७ | हुकुम बहादुर पुन | आठविसकोट-१४ | वडा अध्यक्ष | | |
| १८ | कल्पना खड्का | आठविसकोट-१४ | कार्यपालिका सदस्य | | |
| १९ | सिता शाह | आठविसकोट-१० | कार्यपालिका सदस्य | | |
| २० | प्रभा मल्ल वि.क. | आठविसकोट-४ | कार्यपालिका सदस्य | — | — |
| २१ | प्रेडका यरी | आठविसकोट-२ | कार्यपालिका सदस्य | — | — |
| २२ | आशिराम विश्वकर्मा | आठविसकोट-१३ | कार्यपालिका सदस्य | — | — |
| २३ | गोरख बहादुर कामी | आठविसकोट-११ | कार्यपालिका सदस्य | | |
| २४ | धन्नामे परियार | आठविसकोट-३ | कार्यपालिका सदस्य | | |
| २५ | मनकली कामी | आठविसकोट-११ | कार्यपालिका सदस्य | मन कामी | मन कामी |
| अन्य उपस्थिति | | | | | |
| २६ | मानबहादुर बूढाथोकी | चौरजहारी नपा-१ | प्रशासकीय अधिकृत | | |
| २७ | गणेश चन्द | चौरजहारी नपा-१४ | सूचना प्रविधि अधिकृत | | |
| २९ | तस्विर परियार | आ.न.पा.- १४ | कार्यालय सहयोगी | | |
| ३० | माणिराज शाह | आ.न.पा. ६ | ज.स्वा.नि. | — | |
| ३१ | मुने [illegible] | [illegible] | [illegible] | — | |

## मिति २०७७ भाद्र ३० (पहिलो बैठक) र असोज ४ (दोस्रो बैठक) गते बसेको ५२ औं नगर कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु

| क्र.स. | प्रस्तावको विवरण | कैफियत |
|---|---|---|
| १ | स्थानीय तहको साझेदारीमा पर्यटन पूर्वाधार विकास गर्न साझेदारी कार्यक्रम माग सम्बन्धमा | |
| २ | नगरपालिका भित्रका ग्रामीण सडक मर्मत सम्भार तथा सूचारु गर्ने सम्बन्धमा | |
| ३ | सामाजिक सुरक्षा भत्ता वितरण बैंकिङ प्रणाली मार्फत वितरण गर्ने सम्बन्धमा | |
| ४ | सूचना तथा अभिलेख व्यवस्थापन केन्द्रको स्थापना तथा संचालन सम्बन्धी कार्यविधि, २०७७ सम्बन्धी प्रस्ताव | |
| ५ | "घ" वर्गको ईजाजत प्रदान गर्ने सम्बन्धमा | |
| ६ | नगर प्रहरीद्वारा महिला माथी कुटपीट भएको सम्बन्धमा गठिन छानविन समितिको प्रतिवेदन पेश सम्बन्धमा | |
| ७ | संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि, २०७७ सम्बन्धी प्रस्ताव | |
| ८ | सार्वजनिक जवाफदेही प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७७ सम्बन्धी प्रस्ताव | |
| ९ | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत प्राविधिक सहायक पदमा कर्मचारी भर्ना सम्बन्धी प्रस्ताव | |
| १० | क्रसर उद्योग संचालनको लागी सम्भाव्यता अध्ययन सम्बन्धी प्रस्ताव | |
| ११ | ५ शैया आइसोलेशन अस्पताल निर्माण तथा सञ्चालन सम्बन्धमा | |
| १२ | कोभीड-१९ रोकथाम तथा नियन्त्रण सम्बन्धमा | |
| १३ | रकम सापटी फिर्ता सम्बन्धमा | |
| १४ | विविध (शिक्षा, स्वास्थ्य, भत्ता) | विविध समसामयिक विषयहरुमा छलफल तथा निर्णय गर्नुपर्ने । |

# मिति २०७७ भाद्र ३० (पहिलो बैठक) र असोज ४ (दोस्रो बैठक) गते बसेको ५२ औँ नगर कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं. १,**

प्रदेश र स्थानीय तहमा साझेदारी मार्फत पर्यटकीय गन्तव्यहरुको विकास गर्न "पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी निर्देशिका, २०७७" र आ.व. २०७७/०७८ को बजेट तथा कार्यक्रम अनुसार साझेदारी कार्यक्रमहरु अन्तरगत देहायका आयोजना तथा कार्यक्रम सम्पन्न गर्न आवश्यक बजेट मागका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा लेखि पठाउने निर्णय सर्वसम्मतबाट पारित गरियो ।

क. भेरी नदीमा जेटबोट (Jet Boat) सञ्चालन
ख. गोतामकोटमा सिँचाई र पदमार्ग (ट्रेकिङ रुट) निर्माण
ग. शाईकुमारी मन्दिर निर्माण (वडा नं. १)
घ. लक्ष्मीनारायण मन्दिर निर्माण (वडा नं.९) ।

**निर्णय नं. २,**

वर्षात तथा बाढिपहिरोका कारण अवरुद्ध आठविसकोट नगरपालिका अन्तरगतका विभिन्न ग्रामीण सडकहरुको पहिचान गरी पूर्वाधार विकास शाखाको निर्देशन तथा प्राविधिक डिजाईन इष्टिमेट तयार गरी तत्काल सडकहरु सञ्चालन गर्न नगर प्रहरी सहायक निरीक्षक श्री खम्बु बाँठाको नेतृत्व एवम् परिचालनमा मर्मत सम्भार कार्य तत्काल सूचारु गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३,**

राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागको निर्देशन तथा परिपत्र अनुसार सामाजिक सुरक्षा भत्तालाई बैंकिङ प्रणाली मार्फत विवरण गर्ने सन्दर्भमा आठविसकोट नगरपालिका र सेन्चुरी कमर्सियल बैंक, आठविसकोट शाखा बीच सम्झौता समेत भईसकेकाले हाल वडा नं. ७ देखि १२ सम्मका लाभग्राहीहरुलाई आ.व. २०७७/०७८ को पहिलो चौमासिक सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणाली मार्फत वितरणको लागी आवश्यक तयारी गर्न सम्बन्धित शाखा/फाँटलाई निर्देशन र बैंक तथा वित्तीय संस्थालाई सहयोग तथा सहजीकरण गर्न गराउन वडा कार्यालय तथा वडा समितिलाई सोही अनुसार कार्य गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ४,**

आठविसकोट नगरपालिकाको सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा संचालन सम्बन्धी कार्यविधि, २०७७ सर्वसम्मतबाट पारित गरियो ।

२०७७/६/५

ध्रुव प्रसाद लम्साल
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ५,**

आठविसकोट नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधि, २०७४ र पहिलो संशोधन, २०७७ समेतमा उल्लेखित सम्पूर्ण प्रक्रिया पुरा गरी ईजाजत प्राप्त गर्न निवेदन दिएका चित्रीपाटन कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि.आठविसकोट नगरपालिका-५, रुकुम (पश्चिम), के.सी. विल्डर्स आठविसकोट नगरपालिका-९, रुकुम (पश्चिम) र चित्रिपाटन विल्डर्स एण्ड सप्लायर्स प्रा.लि. आठविसकोट नगरपालिका-९, रुकुम (पश्चिम) लाई "घ" वर्गको ईजाजत पत्र प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. ६,**

नगर प्रहरीद्वारा महिला माथी निर्घात कुटपीट भएको भिडियो प्रकरण सम्बन्धमा गठित छानविन समितिको प्रतिवेदन उपर छलफल गर्दा नगर प्रहरीलाई अनुशासन, मानवअधिकारका मापदण्ड तथा सुरक्षा कार्वाही गर्दा अपनाउनु पर्ने नियम कानुन सम्बन्धमा पूर्नताजकीय तालिम दिने साथै सो घटनाबाट निलम्बनमा रहेकी नगर महिला प्रहरी जवान श्री निर्मला वि.क. लाई निलम्बन फुकुवा गरी कार्यालयमा नियमित रुपमा हाजिरी गराउने निर्णय सर्वसम्मतबाट पारित गरियो।

**निर्णय नं. ७,**

आठविसकोट नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि, २०७७ लाई सर्वसम्मतबाट पारित गरियो।

**निर्णय नं. ८,**

आठविसकोट नगरपालिकाको सार्वजनिक जवाफदेहीता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७७ लाई सर्वसम्मतबाट पारित गरियो।

**निर्णय नं. ९,**

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत प्राविधिक सहायक पदमा कर्मचारी भर्ना गर्ने सम्बन्धी परिपत्र अनुसार यस कार्यालयमा लामो समयदेखि कार्यरत असिस्टेन्ट सब-ईन्जिनियर श्री पवन कुमार यादवलाई नियुक्ती तथा तलवभत्ताको लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) मा लेखी पठाउने निर्णय गरियो।

**निर्णय नं. १०,**

क्रसर उद्योग संचालनको लागी सम्भाव्यता अध्ययन गर्न नगरपालिका भित्रका विभिन्न क्षेत्रको अध्ययन तथा प्राविधिक रुपले वातावरणीय प्रभाव मूल्याङ्कन समेत गर्ने गरी पूर्वाधार विकास शाखा प्रमुखको संयोजकत्वमा देहायका सदस्यहरु रहने एक प्राविधिक समिति गठन गरी सोको प्रतिवेदन १५ दिनभित्रमा कार्यालयमा पेश गर्न निर्देशन तथा परिचालन गर्ने निर्णय गरियो।

ध्रुव प्रसाद लम्साल
प्रमुख प्रशासकीय अधिकृत

संयोजक - श्री राजेश गौतम

सदस्य- श्री युवराज बि.सी.

सदस्य- श्री पवन कुमार यादव

**निर्णय नं. ११,**

५ शैयाको आइसोलेशन अस्पताल निर्माण तथा सञ्चालनको लागी कोभिड -१९ अस्थायी अस्पताल सञ्चालन सम्बन्धी मार्गदर्शन, २०७७ बमोजिम आठविसकोट नगरपालिकाको नगर अस्पताललाई नै अस्थायी रुपमा प्रयोग गरी आवश्यक जनशक्ती तथा भौतिक पूर्वाधारको व्यवस्था गरी सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२,**

कोभीड-१९ रोकथाम तथा नियन्त्रणको लागी विद्यालयमा स्थापना गरिएका क्वारेन्टाईनहरुलाई हटाई सोको व्यवस्थापनका लागी तत्काल आठविसकोट नगरपालिका वडा नं. १४, स्थित छेपारे नाकामा हेल्थ हेल्प डेस्क स्थापना र स्वाव संकलनको लागी व्यवस्थापकीय कार्य गर्न स्वास्थ्य तथा सामाजिक विकास शाखा, वडा अध्यक्ष एवम् वडा समितिको समन्वय तथा सहकार्यमा नगरपालिका क्षेत्र बाहिरबाट भित्रिने नागरिकको स्वाव संकलन गरी चौरजहारी कोरोना परिक्षण प्रयोगशालामा पठाउने र रिर्पोट नआएसम्म होम तथा सेल्फ क्वारेन्टाईनमा बस्ने गरी व्यवस्थापन मिलाउन सम्बन्धित वडाले सहजीकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३,**

आ. व. २०७६/०७७ को दोस्रो किस्ता वापतको रकमबाट नगरपालिकाका करार शिक्षकलाई तलबभत्ताको लागि अर्गानिक कृषि मिसन कार्यक्रमको शीर्षकबाट सापटी लिई तलब भुक्तानी भएकोमा आ. व. २०७६/०७७ मा सबै सापटी रकम फिर्ता गर्नु पर्ने भएकोले आन्तरिक राजस्व कम हुँदा अरु रकम सोही आ. व. मा फिर्ता गरिएको र बाँकी रु.१४,५०,०००।– फिर्ता रकम आ. व. २०७७/०७८ को आन्तरिक स्रोतबाट गरिनेछ। साथै आ. व. २०७६/०७७ मा भुक्तानी हुन बाँकी दायित्व आ.व. २०७७/०७८ को उपयुक्त शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १४,**

कोभीड-१९ को कारण हालसम्म पनि विद्यालयहरु बन्द रहेको परिस्थिति र नगर करार स्वयंसेवक शिक्षकहरुको करार सम्झौता रद्द भएको सन्दर्भमा छलफल गर्दा दशै तिहार पछी विद्यालयको पठनपाठनको गृहकार्य गर्न शिक्षा, युवा तथा खेलकूद शाखालाई निर्देशन तथा सोको लागी आवश्यक जनशक्ती व्यवस्थापन गर्न नगर करार शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन फाराम नगर कार्यपालिकाद्धारा स्वीकृत ढाँचामा निवेदनका साथ तोकिएको अवधीभित्र कार्यपालिकामा पेश गर्ने तथा शिक्षा शाखाको राय र कार्यपालिकाको सिफारिस बमोजिम कार्यसम्पादनमा अब्बल ठहरिएका नगर करार स्वयंसेवक शिक्षकहरुलाई पुन: करार नियुक्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५,**

कोभीड-१९ को कारण लामो समयदेखि विद्यालयहरु बन्द रहेको अवस्थामा विद्यार्थीहरुको पठनपाठनमा बाधा पुगेको हुँदा सिकाई सहजीकरण निर्देशिका, २०७७ बमोजिम पूर्व प्राथमिक तह देखि कक्षा ८ सम्म शिक्षा तथा मानवस्रोत विकास केन्द्रले तयार पारेको अभ्यास पुस्तिका (स्व-अध्ययन सामग्री) र कक्षा ९/१० को हकमा विषय विज्ञ समूह गठन गरी सो समुहले तयार गरेको अभ्यास पुस्तिका छपाई गरी वितरण गर्नको लागी दिवा खाजा कार्यक्रम अन्तरगत बचत हुने रकमबाट अभ्यास पुस्तिका छपाई तथा खरिद गर्नको लागि विद्यालयलाई निकाशा दिने निर्णय गरियो।

**निर्णय नं. १६,**

आठविसकोट नगरपालिकाका दैनिक गतिविधिहरुको प्रत्यक्ष प्रचारप्रसार एवम् सूचना सम्प्रेषण गर्न रेडियो नयाँ नेपाल एफ.एम. ९८.२ मेगाहर्जसँग आवश्यक समन्वय तथा सहजीकरण गर्ने निर्णय गरियो।

**निर्णय नं. १७,**

आठविसकोट नगरपालिकाअन्तरगतका प्रत्येक वडा कार्यालयमा समूह दर्ता गर्न तोकिएका मापदण्ड एवम् कागजात पुऱ्याई प्रमुख प्रशासकीय अधिकृतको अख्तियारीमा प्रत्येक वडामा कम्तिमा २ वटा श्रम सहकार्य समूह दर्ता गर्न वडा सचिवलाई जिम्मेवारी दिने निर्णय गरियो।

**निर्णय नं. १८,**

आठविसकोट नगरपालिकाको नगर प्रहरी उपशाखाको काम कारवाही र दैनिक गतिविधिलाई चुस्त दुरुस्त बनाउन नगर प्रहरी विनियमावली २०७५ (दोस्रो संशोधन २०७७ सहित) बमोजिम नगर प्रहरी नायब निरिक्षक पदपुर्तिका लागी खुला दरखास्त आह्वान गर्ने निर्णय गरियो।

**निर्णय नं. १९,**

आर्थिक वर्ष २०७७/०७८ को असोज ४ गतेदेखि वडा अध्यक्ष तथा जनप्रतिनिधिहरुले प्राप्त गर्दै आएको ईन्धन वापतको सुविधा अब उप्रान्त निजको सेवा सुविधा बमोजिम निजको बैंक खाता मार्फत भुक्तानी हुने भएकाले सोही अनुसार गराउने निर्णय गरियो।

**निर्णय नं. २०,**

नगरपालिका भित्रको कृषि उत्पादनलाई निर्यातमुखी बनाउन १ लाख ओखर र २० हजार किवी खरिद तथा सिँचाईको प्रवर्द्धनका लागी आवश्यक बजेट माग को लागी कर्णाली प्रदेश भुमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र जिल्ला कृषि विकास कार्यालय रुकुम पश्चिममा लेखी पठाउने निर्णय गरियो।

ध्रुव प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. २१,**

कोभीड-१९, को संक्रमण, रोकथाम तथा नियन्त्रण र उपचारमा खटिएका स्वास्थ्यकर्मी तथा स्वास्थ्य क्षेत्रमा काम गर्ने कर्मचारीको उल्लेखनीय भूमीकाको कदर गर्दै आठविसकोट नगरपालिका अन्तर्गत कार्यरत स्वास्थ्यकर्मी तथा स्वास्थ्य क्षेत्रमा काम गर्ने कर्मचारीहरुका लागी देहाय बमोजिमको सेवा सुविधा तथा प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

क. कोरोना महामारीको अग्रभागमा रही कामकाज गरिरहेका स्वास्थ्य क्षेत्रमा कार्यरत सबै स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरुको खाईपाई आएको तलव स्केलको १५ प्रतिशत बराबर प्रोत्साहन भत्ता उपलब्ध गराउने ।

ख. आईसोलेशन र चौरजहारी नगरपालिकाको कोरोना परिक्षण (पीसीआर) प्रयोगशालामा खटिएका स्वास्थ्यकर्मीलाई खटिएको समयावधीको तलबस्केलको १०० प्रतिशत जोखिम भत्ता उपलब्ध गराउने ।

ग. आईसोलेशन वार्डमा खटिएका अन्य कर्मचारीहरुको लागी खटिएको समयावधीमा तलव स्केलको ५० प्रतिशत जोखिम भत्ता उपलब्ध गराउने ।

घ. आठविसकोट नगरपालिका स्वास्थ्य सेवा तर्फका कर्मचारीहरुका लागी नियमानुसार राशन भत्ता, अतिरिक्त काम गरेवापतको भत्ता, पोशाक भत्ता र चाडपर्व खर्च समेतको सुविधा सहित कार्यालय सहयोगी, चौँथो र पाँचौं तहका कर्मचारीहरुलाई क्रमश: रु.१२,५००।-, रु.१९,०००।– र रु. २५,०००।– तलव/स्केल उपलब्ध गराउने ।

**निर्णय नं. २२,**

आठविसकोट नगरपालिकाको कार्यालय, नगर अस्पताल, वडा कार्यालयहरु र नगरपालिकाले खटाएको ठाउँमा गई खानेपानीको व्यवस्थापन गर्दै आउनु भएका करार कार्यालय न्युनतम पारिश्रमिक रु.१२०००।- (बाह्र हजार) को व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३,**

आठविसकोट नगरपालिकाको कार्यालय, नगर अस्पताल लगायत अन्य वडा कार्यालयहरुमा कामकाज गर्ने गरी ईलेक्ट्रिसियन पदमा एक जना करार कर्मचारी भर्ना गर्ने गरियो ।

**निर्णय नं. २४,**

आठविसकोट नगरपालिकाको नगर अनुशासन सम्बन्धी कार्यविधि, २०७४ तथा कर्मचारी सम्बन्धी आचारसंहिता र आठविसकोट नगरपालिका जनप्रतिनिधिहरुले पालना गर्नुपर्ने आचारसंहिता, २०७४ अनुसार सबैले आफ्नो मर्यादा र पद अनुसारको तोकिएको कार्य गर्नुपर्ने सम्बन्धमा भएको कानुनी व्यवस्थालाई कडाईका साथ लागु गर्ने निर्णय गरियो ।

ध्रुव प्रसाद लम्साल
प्रमुख प्रशासकीय अधिकृत